# खप्तड छेडेदह गाउँपालिका

## डोगडी, बाजुरा, सूदुरपश्चिम प्रदेश,नेपाल ।

# स्थानीय राजपत्र

**खण्डः ३ संख्याः २ मितिः माघ ११ गते, २०७९**

**भाग-४**

**खप्तड छेडेदह गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खप्तड छेडेदह गाउँपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ

**खप्तड छेडेदह गाउँपालिकाको**

मदिरा बिक्री बितरण तथा नियमन कार्यविधि २०७९

**सम्वत २०७९ सालको कार्यविधि नं २**

**गाउँसभाबाट स्वीकृत मिति : २०७९।१०।१०**
**प्रमाणिकरण मिति : २०७९।१०।१०**

# खप्तड छेडेदह गाउँपालिका मदिरा विक्री बितरण तथा नियमन कार्यविधि २०७९

## प्रस्तावना

खप्तड छेडेदह गाउँपालिका क्षेत्रभित्र मदिरा उत्पादन तथा बिक्री वितरण र सेवन कार्यलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी खप्तड छेडेदह गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम " खप्तड छेडेदह गाउँपालिका मदिरा विक्री वितरण तथा नियमन कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाको/गाउँसभाको बैठक बाट स्वीकृत भएको मिति बाट लागु हुने छ ।

**२ परिभाषा :** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

ख) गाउँपालिका भन्नाले खप्तड छेडेदह गाउँपालिका सम्झनु पर्दछ ।

ग)"सभा " खप्तड छेडेदह गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ ।

ङ) "उपाध्यक्ष" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको कार्यालय प्रमुख वा अख्तियार प्राप्त व्यक्ति सम्झनु पर्दछ

छ) "वडा अध्यक्ष" भन्नाले खप्तड छेडेदह गाउँपालिका वडा नम्बर १ देखि ७ सम्मका वडा अध्यक्ष सम्झनु पर्दछ ।

ज) "कार्यालय" भन्नाले खप्तड छेडेदह गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

झ) "मुल समिति भन्नाले " खप्तड छेडेदह गाउँपालिकामा गठित मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मुल समिति सम्झनु पर्दछ ।

ञ) "समिति" भन्नाले खप्तड छेडेदह गाउँपालिकाको प्रत्येक वडामा गठित मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन समिति सम्झनु पर्दछ ।

ट) "मदिरा" भन्नाले फलफुल तथा अन्य अन्न कुहाई वा अन्य कुनै तरिकाले तोकिएको मापदण्ड अनुरुप तयार पारिने स्वदेशि तथा बिदेशि अल्कोहलिक पदार्थ मिश्रित सबै प्रकारका रक्सी वाइन अथवा त्यसको बिभिन्न स्वरुपलाई जनाउँदछ ।

ठ) "डिलरवाला" भन्नाले खप्तड छेडेदह गाउँपालिका भित्र मदिराको थोक बिक्री गर्ने विक्रेता लाई सम्झनु पर्दछ ।

ड) "होटल" भन्नाले भोजन खानपानको प्रवन्ध भई वा नभई बसोबासको सुविधा दिने गरि व्यावसायिक उदेश्यका लागी सञ्चालन गरिएको होटल सम्झनु पर्दछ र सो शब्दले रेष्टुरेन्ट समेतलाई बुझाउछ ।

ढ) "अनुमति" भन्नाले खप्तड छेडेदह गाउँपालिकाले मदिरा उत्पादन विक्री बितरण निकासी तथा पैठारी गर्न दिईएको अनुमति सम्झनु पर्दछ ।

ण) "मदिरा विक्री वितरण तथा नियन्त्रण " भन्नाले कुनै व्यक्ति वा व्यवसायिले अनुमतिपत्र  बेगर वा अनुमतिपत्र पाएकोले पनि अवैध मदिरा  वा प्रचलित नियम र गाउँपालिकाले बनाएको कार्यविधि विपरित गरिने मदिरा विक्री वितरण र सो कार्यलाई नियन्त्रण तथा व्यवस्थापन सँग सम्बन्धित आवश्यक क्रियाकलापलाई बुझाउँछ ।

त) खुद्रा विक्रेता भन्नाले आधिकारिक विक्रेता बाट विक्री योग्य मदिरा खरिद गरि सेवनको लागि आधिकारिक निकाय बाट इजाजत लिई विक्री वितरण गर्ने व्यवसायी सम्झनु पर्दछ ।

## परिच्छेद -२

## समिति गठन सम्बन्धि व्यवस्था

३. **मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन मुल समिति गठन :** (१) मदिराको बिक्री वितरण तथा सेवन कार्यलाई व्यवस्थित गर्न देहायको  मदिरा बिक्रि वितरण, व्यवस्थापन तथा नियमन मुल समिति गठन गरिनेछ ।

क) गाउँपालिका अध्यक्ष  – संयोजक
ख) गाउँपालिका उपाध्यक्ष  – सदस्य
ग) गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत   – सदस्य
घ) कार्यपालिका सदस्यहरु मध्येबाट १ जना दलित, १ जना महिला सहित जम्मा ३ जना   – सदस्य
ङ) प्रमुख/प्रतिनिधि स्थानिय होटल व्यवसायी संघ    – सदस्य
च) प्रमुख/प्रतिनिधि स्थानिय सुरक्षा निकाय      – सदस्य
छ) प्रमुख/प्रतिनिधि स्थानीय मदिरा  व्यवसायी संघ    – सदस्य
ज) प्रमुख/प्रतिनिधि स्थानीय उद्योग वाणिज्य संघ – सदस्य
झ) गाउँपालिका प्रशासन शाखा प्रमुख    – सदस्य सचिव

**४. मुल समितिको काम कर्तव्य र अधिकार ।**

क) मदिरा विक्री वितरण तथा सेवन कार्यलाई मर्यादित र व्यवस्थित गर्ने ।

ख) मदिरा विक्री वितरण  र व्यवस्थापन तथा नियमन गर्न बनेको कार्यविधिमा उल्लेख भएका व्यवस्था पालना भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गरि  कडाइका साथ लागु गर्ने गराउने ।

ग) यो कार्यविधि विपरित मदिरा विक्री वितरण गर्ने गराउने र सेवन गर्ने लाई जरिवाना  गर्ने तथा गर्न लगाउने ।

घ) मदिरा विक्री वितरण तथा  नियमन कार्यलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन अनुगमन गर्ने गराउने ।

ङ) गाउँपालिकामा मदिरा विक्री वितरणको प्रभावकारी व्यवस्थापनको लागि गाउँकार्यपालिका तथा गाउँसभा बैठकमा आवश्यक नीति, बजेट तथा कार्यक्रमको बारेमा लिखित सुझाव दिने ।

**५. वडा स्तरिय मदिरा व्यवस्थापन समिति :** मदिराको विक्री वितरणलाई  व्यवस्थित गर्न प्रत्येक वडामा देहायबमोजिमको वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन गरिने छ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष  – संयोजक
ख) सम्बन्धित वडाको वडा सदस्य हरुमध्येबाट एक जना महिला सहित २ जना   – सदस्य
ग)वडा नागरिक मञ्च टोल विकास सँस्था तथा आमा समुहबाट वडा अध्यक्षले तोकेको २ जना–सदस्य
घ) वडा होटल व्यवसायी संघ प्रतिनिधि – सदस्य

ङ) वडा मदिरा  व्यवसायी संघ प्रतिनिधि – सदस्य
च) प्रतिनिधि स्थानीय सुरक्षा निकाय – सदस्य
छ) सम्बन्धित वडाको वडा सचिव – सदस्य सचिव

**६.वडा स्तरिय मदिरा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

क) मदिरा व्यवसाय सञ्चालन अनुमति दिदा कार्यविधिमा उल्लेख भएका प्रक्रिया पुरा गर्ने व्यवसायी लाई मात्र इजाजत पत्र/सिफारिस प्रदान गर्ने ।
ख) वडाक्षेत्र भित्र यस कार्यविधि बमोजिम मदिरा विक्री वितरण तथा सेवन भए नभएको सम्बन्धमा आवश्यक  अनुगमन गरि त्यसको जानकारी मुल समिति लाई दिने ।
छ) यस कार्यबिधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

## परिच्छेद - ३
## जरिवाना रकम कार्यान्वयन सम्बन्धि व्यवस्था

७.यस कार्यविधि विपरित मदिरा विक्री बितरण र सेवन गर्ने व्यक्ति बाट यस कार्यबिधि बमोजिम उठेको जरीवाना रकमको २० प्रतिशत रकम स्थानीय सुरक्षा निकाय र ८० प्रतिशत प्रतिशत रकम गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरिनेछ ।

## परिच्छेद - ४
## मदिरा इजाजत,विक्री वितरण र व्यवस्थापन सम्बन्धि व्यवस्था

८ क) मदिरा व्यवसाय सञ्चालन गर्न गाउँपालिका बाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाण पत्र लिनु पर्नेछ ।
(ख) गाउँपालिका क्षेत्र भित्र मदिरा व्यवसाय सञ्चालनको लागि सिफारिस तथा दर्ता दस्तुर वाफत देहाय बमोजिम शुल्क निर्धारण गरिनेछ । शुल्क निर्धारण गाउँसभाको निर्णय बमोजिम हुनेछ ।
१) थोक तथा खुद्रा मदिरा व्यवसाय दर्ता/सिफारिस रु १५०००।
२) डिलर मदिरा व्यवसाय दर्ता/सिफारिस रु ४००००।
(ग) मदिरा व्यवसाय सञ्चालन गर्ने व्यवसायीले प्रत्येक आ.व मा गाउँपालिकाले तोकेको शुल्क बुझाई असोज मसान्त भित्र व्यवसाय नवीकरण गर्नुपर्नेछ र उक्त समयावधि भित्र नवीकरण नगरेमा गाउँपालिकाको व्यववसाय दर्ता सम्बन्धी कार्यविधि बमोजिम जरिवाना तथा दर्ता खारेजिको लागि सिफारिस गरिनेछ । नवीकरण शुल्क देहाय बमोजिम रहनेछ ।
१) थोक तथा खुद्रा मदिरा व्यवसाय नवीकरण रु ५०००।
२) डिलर मदिरा व्यवसाय नवीकरण रु १५०००।
(घ) मदिरा व्यवसाय दर्ता,सञ्चालन,नवीकरण,नियमन तथा खारेजी सम्बन्धी अन्य व्यवस्था गाउँकार्यपालिका तथा गाउँसभाको निर्णय बमोजिम र गाउँपालिकाको व्यवसाय सञ्चालन सम्बन्धी नियम बमोजिम हुनेछ ।

ङ) मदिराको विक्रि वितरण तथा सेवन गर्दा गाउँपालिकाको सामाजिक सदभाव कायम राखि शान्ति सुव्यवस्था खल्वल नहुने गरी घरेलु हिंसाका घटना तथा  समाजमा  भैं झगडा नहुने गरि र सार्वजनिक शान्ति सुव्यवस्था कायम हुने गरी  गर्नु पर्नेछ ।
च) मदिरा विक्री वितरण तथा सेवन गर्दा गाउँपालिका बाट तोकिएको समयमा थोक विक्रेताले विहान १० बजे देखि राति ९ बजे सम्म विक्री वितरण गर्न सक्ने र खुद्रा विक्रेताले बेलुका ५ बजे देखि बेलुका

९ बजे सम्म व्यवसाय सञ्चालन गर्न पाईने छ तर पालिकाले तोकेको पर्यटकिय क्षेत्र भित्र उक्त समयसिमा लागु हुने छैन ।

छ) मदिरा व्यवसायीले गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थल,धार्मिक स्थल , बाल स्याहार केन्द्र, सरकारी कार्यलय र समाजिक महत्वको स्थानबाट २०० मिटर भित्र बेचबिखन गर्न पाईने छैन ।

ज) मदिरा बिक्रि वितरणको कारोबार गर्न अनुमति लिइएका व्यवसायीहरु बाहेक सोहि ठाउमा अन्य व्यक्तिले इजाजत नलिई  मदिरा विक्री वितरणको कारोबार गर्न पाईने छैन ।

झ) किराना पसल, खाद्यान्न, तरकारी, औषधि,मासु, कपडा, फलफुल लगाएतका अन्य कुनैपनि पसलबाट संयुक्त रुपमा मदिरा बिक्रि वितरण गर्न पाईने छैन ।

ञ) १८ वर्ष भन्दा मुनिका वालवालिका,गर्भवती महिला तथा सुत्केरी महिलालाई मदिरा खरिद विक्रि, वितरण र ओसार पसार गर्न गराउन पाईने छैन ।

ट) व्यवसायीले विक्रि वितरण गर्ने मदिरामा अन्त शुल्क स्टिकर टाँस गरेको हुनु पर्ने छ । अन्तशुल्क स्टिकर विनाको मदिरा विक्रि वितरण गर्न पाईने छैन ।

ठ) स्थानीय स्तरमा उत्पादित घरेलु मदिराको विक्रि वितरण गर्न पाईने छैन ।

ड) कुनै समुदायको धर्म, संस्कार चाडपर्वलाई ध्यानमा राखि वडा स्तरिय मदिरा समिति सँग अनुमति लिई क्षेत्र तोकी विक्री वितरण गर्न सकिनेछ ।

ण) Polluter Pay Principle को सिद्धान्तलाई मध्यनजर गरि मदिरा जन्य फोहोर व्यवस्थापन सम्बन्धित व्यवसायीले नै गर्नु पर्नेछ ।

त) मदिरा विक्रेता तथा सेवन कर्ताहरुले अनुमति प्राप्त होटेल रेस्टुरा वाहेक अन्य स्थानबाट मदिरा विक्रि वितरण तथा सेवन गर्न  गराउन पाईने छैन ।

थ) तोकिएको समय सिमा भन्दा बढी संचालन भएको पाईएमा दोब्बर जरिवाना लाग्नेछ र तीन पटक भन्दा बढी यो कार्य दोहोरिएमा अनुमती पत्र खारेजिको लागि सिफारिस गरिनेछ ।

## परिच्छेद - ५

## कारवाही, जफत र सामानको विक्री सम्वन्धि व्यवस्था

९.कारवाही, जफत र सामानको विक्रि सम्वन्धि व्यवस्था अन्तर्गत यो कार्यविधि विपरित कसैले मदिरा विक्री वितरण गरेमा देहायबमोजिमको कारबाही हुनेछ ।

क) कुनै पनि व्यक्ति तथा व्यवसायिले यस कार्यविधि र प्रचलित कानुन विपरित मदिराको उत्पादन, विक्री वितरण, निकासि वा पैठारी गरेको पाईएमा सो कार्य संग सम्वन्धित मदिरा मुल समितिको प्रतिनिधिको रोहवरमा प्रचलित कानुनबमोजिम जफत गरिने छ ।

ख) खण्ड (क) बमोजिम जफत भएको विक्रीयोग्य मदिरा प्रमुख प्रशासकिय अधिकृत वा निजको रोहवरमा लिलाम विक्रि गर्नु पर्नेछ र विक्रियोग्य नरहेको मदिरा वातावरणमा क्षति नपुग्ने गरि नस्ट गर्नु पर्नेछ ।

ग) इजाजत प्राप्त नगरि संचालनमा आएका पसलमा नियमितजसो होहल्ला गरि सामाजिक अमनचयन कायम गर्न बाधा पुगेको अवस्थामा  वडा स्तरिय मदिरा व्यवस्थापन समितिमा उजुरी पेश गर्न सकिनेछ । उजुरी परेको ७ दिनभित्र आवश्यक कारवाहीको प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

घ) मदिरा व्यवसायीले आफ्नो पसल र व्यवसायबाट निस्कने कुनै पनि प्रकारको फोहोर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा व्यवसायीलाई सचेत गराउने र फेरी सोही कुरा दोहोरिएमा  मुल समितिले सचेत गराउने र इजाजत पत्र खारेजी देखि व्यवसाय बन्द गराउन सक्नेछ ।

## परिच्छेद - ६

## जरिवाना सम्वन्धि व्यवस्था

१०.(१) सम्बन्धित निकायबाट इजाजत प्राप्त नगरि तथा यो कार्यविधिमा भएका व्यवस्था र प्रचलित कानुन विपरित मदिरा विक्री वितरण गरेको पाइएमा देहाय बमोजिमको जरिवाना गरिनेछ ।

क) पहिलो पटक - रु ५ हजार

ख) दोस्रो पटक - रु ७ हजार

ग) तेस्रो पटक - रु १० हजार

घ) तेस्रो पटक भन्दा बढी यो कार्यविधि र प्रचलित कानुन विपरित मदिरा विक्री वितरण गरेको पाइएमा इजाजत पत्र खारेजिको लागि सिफारिस र व्यवसाय बन्द गराउन सकिनेछ ।

### ११. जरिवाना सम्बन्धि अन्य व्यवस्था ।

१) यस कार्यविधिमा उल्लेखित मापदण्ड विपरित कसैले मदिरा सेवन गरि समाजमा शान्ति सुव्यवस्था खलबलाउने झैझगडा गर्ने होहल्ला गर्ने जस्ता कार्य गरेको पाईएमा देहाए बमोजिमको जरिवाना गरिनेछ ।

क) पहिलो पटक - ३०००। तिन हजार

ख) दोस्रो पटक - ५०००। पाँच हजार

ग) तेस्रो पटक -७०००। सात हजार

घ) तेस्रो पटक भन्दा बढी १० हजार जरिवाना गरिनेछ ।

२) कुनै राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा सत प्रतिशत थप गरि जरिवाना गरिनेछ ।

३) गाउँपालिकाको गाउँसभामा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा तोकिएको जरिवानामा सत प्रतिशत थप जरिवाना सहित आवश्यक कारवाहि गरिनेछ ।

४) यदि कुनै व्यक्तिले जरिवाना तिर्न इन्कार गरेमा निजलाई वडा कार्यालय तथा गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गराई आवश्यक कारवाहि गरिनेछ ।

५) मदिरा व्यवसायिले "मदिरा स्वास्थ्यका लागि हानिकारक छ" भन्ने नारा सबैले देख्नेगरि राख्नु पर्नेछ।

६) यो कार्यविधिको परिपालना गर्नु गराउनु प्रत्येक गाउँपालिका वासि तथा आम नागरिक र सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

७) यो कार्यविधि पुर्णरुपमा कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै मदिरा व्यवसायिलाई गाउँपालिकामा सुचिकृत गरि अध्यावधिक गरिनेछ ।

**१२. खारेजी र बचाउ :** देहायको कार्यविधि खारेज गरिएको छ ।

(क) मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७४

(ख) उपदफा (क) मा उल्लिखित कार्यविधि भए बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले

कृष्ण राज जोशी

प्रमुख प्रशासकीय अधिकृत